**नेपाल सरकार**

**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**

**जल तथा मौसम विज्ञान विभाग**

**जलविज्ञान महाशाखा/बाढी पूर्वानुमान शाखा**

# मनसुन आपतकालिन कार्ययोजना - २०७५

यस जल तथा मौसम विज्ञान विभागले आगामी मनसुन-२०७५ मा जल तथा मौसम जन्य प्रकोपबाट जनधनको क्षति न्युनिकरण गर्न निम्नानुसारको कार्ययोजना तय गरेको छ।

१) देशका बाढी प्रभावित बिभिन्न नदी नालाहरुको बाढी अनुगमन तथा पुर्वानुमान गर्न, हिमताल विष्फोट वा अन्य कारणले उत्पन हुन सक्ने बाढी समेतको लागि पूर्वसूचना प्रबाह गर्न यस विभाग- जलविज्ञान महाशाखा अन्तर्गतको बाढी पूर्वानुमान शाखा मनसुनको अवधीभर २४ सै घण्टा सूचारु गरिनेछ।

२) देशका मुख्य नदीनालाहरु कोसी, गण्डकी, कर्णाली, बागमती र पश्चिम राप्ति लगायतमा ३ दिन अगावै बाढी पूर्वानुमान गर्ने गरी विकास गरिएको कम्प्युटर मोडेलको प्रयोग मार्फत बाढी पूर्वानुमान गर्ने र मुख्य सरोकारवाला वीच जानकारी गराउने कार्यलाई यस वर्षदेखि विधिवत सुचारु गरिनेछ। जसले बाढीको लिड टाइम बढाउने छ।

३) मनसुनको समयभरी हरेक दिन बिहान ६ बजे र बेलुकी ६ बजे बाढीको पुर्वानुमान बुलेटिन जारी गरिनेछ। पुर्वानुमानको समय कम्तिमा २४ घण्टा देखि ३ दिन पछी सम्मको हुनेछ। विशेष अवस्थामा दिन वा रातको जतिखेरसुकै पनि बुलेटिन जारी हुनेछ।

४) पूर्वसूचना प्रबाह:

- बाढीको बुलेटिन जारी गरिसके पश्चात पहिलो जानकारी गृह मन्त्रालय-राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रलाई गराइनेछ।
- जारी भएको बुलेटिन तत्कालै यस विभागको आधिकारिक वेभसाइट: www.hydrology.gov.np मा राखिनेछ।
- तत्कालै गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखाले सुचिकृत गरेका सवै मन्त्रालय तथा विभाग साथै रेडक्रस लगायत अन्य विपदको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुका विपद संपर्क व्यक्तिहरुलाई इमेल मार्फत बुलेटिन पठाइनेछ।
- जारी भएको बुलेटिन यस विभागको आधिकारिक Twitter Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) र Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा राखिनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्यविषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोलफ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिनेछ।
- अत्यन्तै विषम प्रकृतिको बाढीको पुर्वानुमान भएको खण्डमा प्रेष विज्ञप्ति समेत जारी गरिनेछ।
- बाढीको बुलेटिन सवै सञ्चारका माध्यमहरुलाई नियमित रुपमा प्रदान गरिनेछ।